सूचना

श्रम ऐन, २०७४ को पालना गरौँ,
श्रमिक, श्रमिक आपूर्तिकर्ता र
रोजगारदाता सजग बनौँ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

राष्ट्रिय दैनिक

प्रतिदिन

PRATIDIN NATIONAL DAILY

तिहारमा गुमाउनु परेका हस्तीहरु



पृष्ठ ४ मा

वर्ष-१२ ।। अङ्क : १९८ ॥ २०७७ मंसिर ०४ गते बिहिबार (19th Oct. 2020, Thursday) **Pratidin** National Daily मूल्य-रु.५/-

लापरवाहीले भयानक दुर्घटना
दुईको मृत्यु, दुई घाइते

बिर्तामोड (प्रस) । लापरवाही तरिकाले सवारी चलाउँदा बिर्तामोड ६ मा बुधबार भयानक दुर्घटना भएको छ । बिर्तामोड ६ गिरीबन्धु मन्दिरस्थित पूर्व पश्चिम राजमार्गमा भएको सो दर्दनाक दुर्घटनामा परी दुई जनाको मृत्यु हुनुका साथै दुई जना गंभीर घाइते भएका छन् । बिहान ११.२५ बजेतिर पूर्वतर्फ जादै गरेको मे २ प ४८४७ नं मोटरसाइकल र विपरित दिशाबाट आउँदै गरेको ३१०२०४२उब७९८२ नं स्थायी नं पाएर नम्बर प्लेट नलगाएको अनटेष्ट मोटरसाइकल एकापसमा जुधेर सडकमा लड्दा पश्चिमबाट पूर्वतर्फ जादै गरेको ना ६ ख ३३५० नं को ट्रकले किचेको थियो । त्यस लगत्तै त्यसको पछाडि रहेको को १ च ९३१७ नं को स्कोरपियोले पनि किच्दा मे २ प ४८४७ नं को मोटरसाइकलका चालक बुद्धशान्ति ३ का २४ वर्षिय कुशल लिम्बु र पछाडि सवार सोही ठाउँका वर्ष ११ का दिप्सन कँडेलको घटनास्थलमै मृत्यु

भएको हो । उनीहरुको शव विभत्स अबस्थामा फेला परेको थियो । त्यस्तै सोही मोटरसाइकलको पछाडि सवार दिप्सनकी आमा बुद्धशान्ति ३ की ३९ वर्षिया सावित्रा घिमिरे कँडेल र अनटेष्ट मोटरसाइकलका चालक अर्जुनधारा ११ का २२ वर्षिय गगन तामाङ सख्त घाइते भएका छन् । घाइतेहरुलाई बिर्तामोडको बिएण्डसी हस्पिटलमा भर्ना गरिएको छ । ट्रकले किचेपछि फेरि किचेको को १ च ९३१७ नं को स्कोरपियो पेलेर भागेको थियो । किचेर भाग्ने स्कोरपियो र त्यसका चालक सुनसरी धरान १७ का ५० वर्षिय देवराज लिम्बुलाई बुधबारेबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ । त्यस्तै ट्रक र ट्रक चालक भद्रपुर ८ बस्ने ३३ वर्षिय राजु श्रेष्ठलाई पनि प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । छोरा दिलप्सनको आँखामा समस्या आएपछि बुधबारे बजारको धर्मकाँटा नजिक घर भएकी सावित्रा छिमेकी कुशलको सहयोगमा मोटरसाइकलमा बिर्तामोड आएर आँखा जचाई घरतर्फ फर्किदै गरेका थिए । सोही बेला उनीहरु दुर्घटनामा परेको बुद्धशान्ति वडा नं ३ का वडाध्यक्ष कमलप्रसाद उप्रेतीले बताए ।उनले घटनाप्रति दुख ब्यक्त गरेका छन् । आफूहरु कोरोना संक्रमणबाट मृत्यु भएका बुद्धशान्ति ३ का कोरोना संक्रमितको अन्त्येष्टि गरिरहेका बेला आफूनै वडाका आमाछोरा दुर्घटनामा परेको सुन्दा अत्यन्तै दुख लागेको वडाध्यक्ष उप्रेतीले बताए । मे २ प ४८४७ नं को मोटरसाइकललाई तीनवटा सवारी साधनले ठक्कर दिएको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । पहिला अर्को मोटरसाइकलसँग जुधेर लडेको त्यस मोटरसाइकललाई ट्रक र स्कोरपियोले एकपछि अर्को गर्दै ठक्कर दिएका थिए ।

एम्बुलेन्सभित्र कोरोना संक्रमितको मृत्यु, मृतकको सँख्या ८८ पुग्यो

झापा (प्रस) । झापाको दमकमा थप एकजना कोरोना संक्रमितको मृत्यु भएको छ । मृत्यु हुनेमा दमक नगरपालिका वडा नं २ का ७६ वर्षका धिमाल थरका बृद्ध रहेका छन् । उनको मंगलबार राति ९.३० बजे बाटैमा एम्बुलेन्सभित्र मृत्यु भएको हो । मंसिर १ गते नोवेल हस्पिटल विराटनगरमा उनलाई कोरोना संक्रमण पुष्टि भएको थियो । संक्रमण पुष्टि भएपछि अस्पतालमा राखेर उपचार गराउन खर्चको समस्या भएपछि परिवारले दमक नगरपालिकाले संचालन गरेको कोभिड हस्पिटलमा उपचार गराउने गरी दमकतर्फ ल्याउने क्रममा उनको बाटैमा मृत्यु भएको नगरपालिकाका स्वास्थ्य शाखाका कुवेर भट्टराईले बताए । मृतकको लाशलाई राति नै परिवारद्वारा बेलडाँगीमा गाडेर अन्त्येष्टि गरिएको उनले जानकारी दिए । योसँगै दमकमा कोरोना संक्रमणबाट मृत्यु हुनेको सँख्या २८ पुगेको छ । योसहित झापामा बुधबार तीन जनाको कोरोना संक्रमणबाट मृत्यु भएको छ

तीन दिनदेखि कोरोना संक्रमणका कारण लगातार मृत्यु हुँदै आएको अर्जुनधारामा बुधबार फेरि एकजना मृतक थपिएका छन् । अर्जुनधारा नगरपालिका वडा नं ९ का ७३ वर्षिय दिलिप बस्नेतको विएण्डसी हस्पिटल बिर्तामोडमा मृत्यु भएको हो । बस्नेतको उपचारका क्रममा बिहान ११.३० बजे मृत्यु भएको नगरपालिकाका स्वास्थ्य शाखाका मुकुन्द बस्नेतले बताए । उनलाई दुई साताअघि कोरोना पुष्टि भएको थियो । योसँगै कोरोना संक्रमणबाट मृत्यु हुनेको सँख्या अर्जुनधारामा ७ पुगेको छ । बुधबार बिहानै बिहान बुद्धशान्ति गाउँपालिका वडा न. ३ का एक बृद्धको पनि बिएण्डसी हस्पिटलमै मृत्यु भएको छ । मृत्यु हुनेमा बुद्धशान्ति गाउँपालिका वडा न. ३ का ६८ वर्षिय देवशंकर लावुङ रहेका छन् । उनको बुधबार बिहान ७ बजे बिर्तामोडको बिएण्डसी हस्पिटलमा मृत्यु भएको हो । उनी कात्तिक १ गते अस्पताल भर्ना भएका थिए । उनको मंगलबार पिसिआर परीक्षण गर्दा रिपोर्ट पोजेटिभ आएको थियो । योसँगै कोरोना संक्रमणबाट मृत्यु हुनेको सँख्या बुद्धशान्तिमा २ पुगेको छ । झापामा भने ८८ पुगेको छ ।

झापामा थप ३० जनामा संक्रमण पुष्टि

झापामा पछिल्लो २४ घण्टाभित्र ३० जनामा कोरोना संक्रमण पुष्टि भएको छ । संक्रमितमध्ये ९ महिला र २१ जना पुरुष रहेका छन् । जिल्ला स्वास्थ्य कार्यालय झापाका अनुसार संक्रमित हुनेमा भद्रपुर नगरपालिकामा १ महिला र ८ पुरुष, बिर्तामोडमा २ महिला र ६ पुरुष, दमकमा ३ महिला र २ पुरुष रहेका छन् ।

यस्तै, अर्जुनधारामा २ महिला, गौरादहमा १ महिला र १ पुरुष, कमलमा २ जना पुरुष, शिवसताक्षी र झापा गाउँपालिकामा १-१ जना पुरुषमा संक्रमण भएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । झापामा ३१ हजार ९९९ जनाको स्वाब संकलन गर्दा अहिलेसम्म ३ हजार ९४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । त्यस्तै, कोरोनालाई जितेर १ हजार ९२० जना घर फर्किएका छन् । सक्रिय संक्रमित १०८६ जना विभिन्न आइसोलेसनमा उपचाररत रहेका छन् ।

थातीमा नेकपा विवाद

झापा (प्रस) । सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को सचिवालय बैठक मंसिर १८ गते बस्नेगरी स्थगित भएको छ । बुधबार बसेको सचिवालय बैठक १८ गते बस्ने निर्णय गरी स्थगित गरिएको प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिए ।

यस्तै, मंसिर १५ गते बोलाइएको केन्द्रीय कमिटीको बैठकलाई १० दिनपछि सारिएको उनले बताए । यसअघि पनि कात्तिक १५ गते बोलाइएको केन्द्रीय कमिटीको बैठक पार्टीभित्रको विवादका कारण स्थगित गरिएको थियो।

यसैबीच बरिष्ठ नेता माधवकुमार नेपालले पार्टी र सरकारमा गम्भीर समस्या देखिएकाले त्यसको समाधान गर्न ढिलाढाली गर्न नहुने बताएका छन् ।

बुधबार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको नेकपा सचिवालय बैठकमा बोल्दै नेता नेपालले प्रदेश र स्थानीय सरकारहरू पनि छाडा भएको बताए।

'तीन तहका सरकार छाडा भएका छन्, गम्भीर समीक्षा गरेर सच्याऔं। ढिलाढाली नगरौं,' नेपालले बैठकमा भने। उनले पार्टीभित्र देखिएको विवाद र झगडाले पनि जनता र कार्यकर्तामा निराशा छाएको बताए।

'हाम्रा क्रियाकलापले जनता र कार्यकर्तामा निराशा छाएको छ । हामीले आफूलाई समीक्षा गरेर सच्याएर अघि बढ्नुपर्छ,' उनले भने। बैठकमा प्रधानमन्त्री तथा नेकपा अध्यक्ष केपी शर्मा ओलीले अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले बैठकमा पेस गरेको राजनीतिक प्रतिवेदनमा उठाइएका प्रश्नको जवाफ दिन आफूलाई समय लाग्ने बताएका थिए। प्रधानमन्त्री ओलीले आफूलाई प्रचण्डले निराधार आरोप लगाएको भन्दै त्यसको जवाफ दिन १० दिन समय लाग्ने बताएका थिए।

नेकपालाई आएको ज्वरो मत्थर : पर्यटनमन्त्री भट्टराई

झापा (प्रस) । कोरोना संक्रमणले नेपालको पर्यटन व्यवसायलाई नराम्रो असर पारेको संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराईले बताएका छन् ।

नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान १ नं. प्रदेश कार्यालयको बुधबार उद्घाटन गर्दै मन्त्री भट्टराईले नेपालको पर्यटन व्यवसाय विदेशी मुद्रा आर्जन गर्ने महत्वपूर्ण स्रोत भएकाले यस क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गरेर गुणात्मक सेवा दिन सक्नु पर्ने आजको आवश्यकता भएको खाँचो औंल्याए । यस क्षेत्रमा सरकार र निजी क्षेत्रको ठूलो लगानी भएकैले ७० प्रतिशत विदेशी मुद्रा आर्जन गर्न सफल भएको बताउदै मन्त्री भट्टराईले सरकारले यस क्षेत्रमा काम गर्ने दक्ष जनशक्ति उत्पादन गर्नको लागि पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको शाखा राजधानी बाहिर स्थापना गरिएको बताए । वार्षिक ८० अर्ब विदेशी रुपैयाँ यसै क्षेत्रबाट भित्रने उल्लेख गर्दै उनले कोभिड १९ पछि यस क्षेत्रमा लगानी गर्दा नागरिकलाई तत्काल आर्थिकरुपले राहत हुने पनि धारणा राखे ।

त्यसैगरी संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्री भट्टराईले नेकपालाई हनहनी आएको ज्वरो आजदेखि मत्थर भएको बताएका छन् । मन्त्री एवम् नेकपाका युवा नेता भट्टराईले नेकपाको शीर्ष नेतृत्वमा चुलिएको आन्तरिक झगडालाई प्रतिकात्मक रुपमा चर्चा गर्दै यो ज्वरो सिजनल फ्लू मात्र भएको र कोरोना चाहिँ नभएको बताए । नेकपाको भातृ संगठन प्रेस संगठन नेपालको झापा जिल्ला समितिको शपथग्रहण समारोहलाई बुधबार दिउँसो बिर्तामोडमा सम्बोधन गर्दै उनले कुनै हालतमा पार्टी नफुट्ने विश्वास व्यक्त गरे । "नेकपाको स्वास्थ्य बिहानसम्म राम्रो थिएन, १०४ डिग्रीको ज्वरो हनहनी आएको थियो" उनले भने- " त्यो ज्वरो आज बिहानदेखि मत्थर भइसकेको छ । सानोतिनो झोकाले पार्टी फुट्दैन । कार्यकर्ताको बलियो जगमा उभिएको पार्टीको संरचना भूकम्पप्रतिरोधी छ । " उनले भारतले फुटाउँदा फुट्ने र चीनले जोड्दा जोडिने कुरा भ्रामक भएको उल्लेख गर्दै नेकपा आफूनै विशाल कार्यकर्ता पङ्तिको विश्वास र योगदानबाट एकताबद्ध भएर समाजवादतर्फको फराकिलो मार्गमा अघि बढ्ने बताए । केही व्यक्तिहरु नेताको झगडामा पेट्रोल छर्किदै हिँडेको भन्दै उनले अहिले झगडा बढाउन पेट्रोल छर्किने उच्छृङ्खल र अराजक कार्यकर्ताको होइन, पानी छर्किने समझदार कार्यकर्ताको भूमिकाको आवश्यकता भएको धारणा व्यक्त गरे । पार्टी फुटाएर पछाडी फर्किने कसैले पनि सपना नदेख्न उनको चेतावनी थियो । उनले भने- " केपी ओलीलाई प्रधानमन्त्री र प्रचण्डलाई अध्यक्ष बनाउन मात्र पार्टीको एकीकरण भएको होइन , अब पछाडि फर्किने बाटो छैन । "

प्रेस सङ्गठनको झापा समितिका संयोजक मुक्ति पौडेलको अध्यक्षता र मन्त्री भट्टराईको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा जिल्लाका सहसंयोजक टिकाराम उप्रेतीले सञ्चालन र प्रदेश नं. १ का सहसंयोजक गणेश पोखरेलले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेका थिए । सो अवसरमा जिल्ला समितिका सबै पदाधिकारी तथा सदस्यले संगठनका प्रदेश संयोजक राजन केडीबाट सपथ लिएका थिए । कार्यक्रममा नेकपाका जिल्ला प्रदेश र केन्द्रका पार्टी कमिटीका विभिन्न तहका नेताहरुको उपस्थिति रहेको थियो ।

ब्राउनसुगरसहित ९ जना पक्राउ

दमक (प्रस) । प्रहरीले गाँजा र ब्राउन सुगरसहित उर्लाबारीबाट नौंजनालाई पक्राउ गरेको छ । मंगलबार राति १० बजे उर्लाबारी नगरपालिका-७ बस्ने छोमाई तामाङको घरबाट ब्राउन सुगर र गाँजा बिक्री गर्न पुगेका र सेवन गरिरहेका ९ जनालाई पक्राउ गरेको हो ।पक्राउ पर्नेमा एक युवती पनि छिन् । पक्राउ पर्नेमा उर्लाबारी नगरपालिका-७ स्कुलडाँडाकी २१ वर्षीया ममता तामाङ, उर्लाबारी-७ बरगाछीका २४ वर्षीय मिनल

याक्सो, उर्लाबारी-९ भोटेपुलका २८ वर्षीय आकाश लिम्बू, १९ वर्षीय असिम लिम्बू पक्राउ परेका छन् ।त्यस्तै झापा दमक नगरपालिका-७ बजारलाइन बस्ने १९ वर्षीय शीशा सेख, दमक-४ का ३० वर्षीय सुमन सुनुवार, मोरङ रतुवामाई नगरपालिका-८ का २२ वर्षीय रुपमान केदेम, रतुवामाई १० का १९ वर्षीय एन्जिल मगर, रतुवामाइ-९ का २५ वर्षीय मन्जिल बस्नेत छन् ।पक्राउ पर्नेहरुको साथबाट ब्राउन सुगर ४ ग्राम ७२७ मिलिग्राम, १८४ ग्राम गाँजा बरामद भएको छ । प्रहरीले उनीहरुले प्रयोग गर्दै आएको को २६ प १८५६, प-१-०१-०१२ प ६३१३, को ३४ प २६७, बा ५३ प १४२४, मे २ प ५७७० नम्बरको मोटरसाइकल नियन्त्रणमा लिएको छ ।

माता पाथिभरा फर्निचर

बिर्तामोड-१, चारपाने
सो-रुम: कनकाई-१, दुर्गापुर

प्रो. देवी दंगाल ☎ 9841351368, 9806035571



थ्री पिस दराज
बक्स पलङ
टु पिस दराज
सोफा सेटहरु

लगायत घरायसी सजावटका
सम्पुर्ण फर्निचरका सामानहरु
ग्यारेन्टीका साथ बिक्रि गरिन्छ ।

तिहारमा गुमाउनु परेका हस्तीहरु

झापा (प्रस) । कोरोना भाइरसको महामारीका कारण धेरै गण्यमान्य ब्यक्तिहरुको निधन भएको छ । कोरोना संक्रमणसँगै अन्य रोगले पनि धेरै जनाको निधन भएको हो । तिहारका बेला धेरै हस्तीहरुलाई गुमाउनु परेको छ ।

अर्जुनधारा गाविसका पूर्वअध्यक्ष भट्टराईको मृत्यु



अर्जुनधारा गाविसका तत्कालीन अध्यक्ष कुन्दन भट्टराईको कोरोना संक्रमणबाट मृत्यु भएको छ ।

काठमाडौंमा उपचाररत अर्जुनधारा ५ निवासी ६२ वर्षिय भट्टराईको शुक्रबार साँझ ७.३० बजेतिर मृत्यु भएको हो । उनी राजधानीको भैसेपाटीस्थित मेडिसिटी हस्पिटटलमा उपचाररत थिए । उनलाई कात्तिक २३ गते एयर एम्बुलेन्सबाट काठमाडौ. लगिएको थियो । फोक्सोमा क्यान्सर भएका उनलाई काठमाडौंमा लगेर पिसिआर परीक्षण गराउँदा पोजेटिभ रिपोर्ट आएको अर्जुनधारा नगरपालिकाका नगर प्रमुख हरि रानाले बताए । केही दिनदेखि उनलाई भेन्टिलेटरमा राखिएको थियो । अखिल नेपाल भारतीय स्वतन्त्र विद्यार्थी युनियनमा आवद्ध भएर उनले राजनीति थालेका थिए । उनी त्यस संगठनको महासचिव भएका थिए । नेपालमा भने उनले २०४२ सालदेखि कम्युनिष्टको राजनीति गरेका थिए । सरल, विकासप्रेमी र मिलनसार स्वभावका भट्टराई २०५१ सालमा गुठी संस्थानको महाप्रबन्धक भएका थिए । त्यस्तै २०५४ सालको निर्वाचनमा उनी तत्कालीन अर्जुनधारा गाविसको अध्यक्ष निर्वाचित भएका थिए । त्यसपछि उनी जिविस झापाको संयन्त्र सदस्य पनि भएका थिए । हाल अर्जुनधारा नगरपालिका वडा नं ५ का वडा सदस्य रहेका थिए ।उनको शवलाई काठमाडौंमै अन्त्येष्टि गरिएको छ ।

मधुमल्लाका पूर्व गाविस अध्यक्ष पौडेलको निधन

मोरङको साविक मधुमल्ला गाविसका पूर्व गाविस अध्यक्ष काशीनाथ पौडेलको निधन भएको छ ।

काठमाडौंको शिक्षण अस्पताल महाराजगंजमा उपचारका क्रममा ७४ वर्षिय पौडेलको सोमबार दिउँसो ३ बजे निधन भएको उनका ज्वाइँ हरि बोहोराले जानकारी दिएका छन् । केही समयअघि उनलाई विराटनगरको नोवेल हस्पिटल लगिएकोमा त्यहाँ संभव नभएपछि काठमाडौ लगिएको थियो । पित्तथैलीको समस्या भएर उनलाई काठमाडौंको नर्भिक हस्पिटलमा ५ दिन राखेर शिक्षण अस्पतालमा ७ दिनअघि भर्ना गरिएको थियो ।

रहेनन् राजगढ गाविसका 'इन्द्र सचिव'

तत्कालीन राजगढ गाविसका सचिव एवं समाजसेवी इन्द्रप्रसाद अधिकारीको शुक्रबार साँझ निधन भएको छ । ७४ वर्षिय अधिकारी बिर्तामोड नगरपालिका १ मा बसोवास गर्दै आएका थिए । उनी केही समयदेखि अस्वस्थ्य रहेका थिए । उनको उपचारका क्रममा बिर्ता सिटी हस्पिटलमा निधन भएको हो । पं.कोमलप्रसाद अधिकारी र तुलसादेवी अधिकारीका छोरा अधिकारीको २००४ साल असार २७ गते तेह्रथुमको आठराईस्थित थोक्लुङ ढल्केबरमा जन्म भएको थियो । उनी २०२१ सालदेखि सामाजिक सेवामा क्रियाशील थिए । २०२५ सालबाट अनिवार्य निःशुल्क प्राथमिक पाठशाला केन्द्र नं. ९ गोलधापको चाक्लाढापमा तत्कालीन श्री ५ को सरकारले नियुक्ति दिएपछि उनी शिक्षण पेशामा सक्रिय रहे । उनले २०२७ सालसम्म शिक्षकको रुपमा सेवा गरे ।

२०२६ सालमा गाउँ पञ्चायतका लागि सचिव पदमा लोकसेवाको परीक्षा दिएर २०२७ सालमा भएको सिफारिसले उनी राजगढ गाउँ पञ्चायतमा नियुक्ति भएका थिए । सोही समयदेखि उनी 'इन्द्र सचिव'का नामले जिल्लाभर परिचित भए । २०२० सालमा राजगढ आएका अधिकारीले आदर्श विद्या मन्दिर घैलाडुब्बा, भद्रपुर मावि र बनारसको आदर्श इन्टर मिडिएट कलेजबाट शिक्षा लिएका थिए । पढ्दा-पढ्दै शिक्षण पेशामा संलग्न भएका



अधिकारीले छोटो समय शिक्षाको भूमिका निर्वाह गरे पनि शिक्षा क्षेत्रमा उनको महत्वपूर्ण देन छ । अधिकारीकै पहलमा पशुपति माविको जग्गा व्यवस्थापन, प्रहरी चौकी राजगढ र सामुदायिक अध्ययन केन्द्रका लागि १५ कठ्ठा जमिन प्रदान गरिएको थियो । सचिव रहँदा राजगढको विकासका लागि पुऱ्याएको योगदानको स्मरण गर्दै बाह्रदशी गाउँपालिकाले 'इन्द्र सचिव'का नामले परिचित अधिकारीलाई केही दिनअघि नगद ५१ हजार ५ रुपैयाँ सहित सम्मान गरेको थियो ।

समाजसेवी राजवंशीको निधन

समाजसेवी एवं जग्गादाता पुरणलाल(श्री) राजवंशीको आइतबार बिहान निधन भएको छ ।बिर्तामोड ३ सैनिकमोड निवासी ७६ वर्षिय राजवंशीको आइतबार बिहान ३.४५

बजे घरमै निधन भएको हो । उनी केही महिनादेखि अस्वस्थ्य रहेका थिए । महेन्द्र रत्न मावि, मेची आँखा अस्पताल , हाल निर्माणाधिन कंचनजंघा हस्पिटल लगायतलाई उनी र उनको परिवारले जग्गा दिएका थिए । सैनिकमोडको विकासमा स्वर्गीय सतानुसिंह राजवंशीका भतिजा पुरणलालको ठूलो सहयोग रहेको छ । उनको परिवार बिर्तामोडकै पुरानो बासिन्दा हुन् ।उनको श्रीमती , तीन छोरा , चार छोरी रहेका छन् । दिवंगत राजवंशीलाई कनकाई माईमा अन्त्येष्टि गरिएको उनका ज्वाइँ गोपाल राजवंशीले जानकारी दिएका छन् ।

शिक्षासेवी ओलीलाई पत्नीशोक

शिक्षासेवी गणेश ओलीलाई पत्नीशोक परेको छ । जनजागृति मावि गोलधापका पूर्व शिक्षक , विराटज्योति अंग्रेजी माविका संस्थापक प्रिन्सिपल एवं संस्थापक अध्यक्ष

बिर्तामोड ३ निवासी ओलीकी श्रीमती चेतनादेवी ओलीको ६४ वर्षको उमेरमा आइतबार बिहान ४ बजे घरैमा निधन भएको हो । उनी केही समयदेखि डायविटिज रोगले ग्रसित थिइन् । उनका श्रीमान् , तीन छोरा ईश्वर , किशोर र सज्जन तथा तीन बुहारी र चार नातिनातिना रहेका छन् । दिवंगत चेतनादेवीको कन्काई माईमा अन्त्येष्टि गरिएको परिवारले जनाएको छ ।

प्रतिदिन दैनिक अब इ- पेपरमा पनि
www.pratidindaily.com

सीमाको जंगे पिलर ढल्ने अवस्थामा

भद्रपुर (प्रस) । दक्षिणी झापाको कचनकवल ४ स्थित पाठामारीमा रहेको नेपाल भारत सिमानाको ११२ नम्बरको जंगे पिलर ढल्ने अवस्थामा पुगेपनि नेपाल भारत सीमा सुरक्षा बलले संरक्षणका लागि पहल गर्न सकेका छैनन् ।

केही वर्षयता पूर्वी तटबाट मेची नदी निरन्तर पश्चिमतिर कटान गर्ने क्रम निरन्तर रहँदा नेपाल भारत सिमाना छुट्याउने पिलर ढल्ने अवस्थामा पुगेपनि दुवै देशका सुरक्षा बलले कटान रोक्न सरकारी ध्यानाकर्षण गराउन नसकेका हुन् ।सीमा आसपासका बासिन्दाका अनुसार चार वर्ष अगाडिसम्म मेची नदीको बहाव एक किलोमिटर पूर्व नै रहेको थियो । त्यसयता निरन्तर पश्चिमतिर धार परिवर्तन गरेको नदीको कटानका कारण सीमा क्षेत्रको नेपाल भारत दुवै देशतिरको सयौं बिगाह जमिन कटान गरिसकेको छ । नेपालीहरूले नेपालतिरको सरकार गुहार्दै नदी कटान रोक्न अनुरोध गरेपनि सीमा स्तम्भभन्दा एक किलोमिटर माथिसम्म तटबन्धनको काम ६ वर्ष अगाडिबाट सुरू भएपनि पूरा हुन सकेको छैन भने भारतीय पक्षले सो सीमा स्तम्भ आसपास तटबन्धको विषयमा चासो नराखेको भारतीय नागरिकको भनाइ छ ।

बिर्तामोड नगरपालिका
१ नं. वडा कार्यालय
बिर्तामोड, झापा
प्रदेश नं. १, नेपाल

प्रेस विज्ञप्ती

मिति : २०७७/७/२८

बिर्तामोड नगरपालिका वडा नं. १ मा पर्ने जग्गाको सिफारिस सम्बन्धमा केही अन्योलता र भ्रम छरिन गएकोले यो प्रेस विज्ञप्ति मार्फत् आम जनमानसमा स्पष्ट पारिएको छ । केही सञ्चारमाध्यम र सामाजिक सञ्जालहरुमा वडा नं. १ स्थित सिने प्लाजा नजिकै रहेको ७ कठ्ठा जग्गाको विषयमा वडाले गरेको सिफारिसलाई लिएर केही व्यक्तिहरुले आरोप लगाएजस्तो अवस्था नरहेको र वडाले नापी शाखाको नाप नक्साको आधारमा सिफारिस गरेको सर्वप्रथम फ्रस्ट पार्न चाहन्छु ।

सो कित्ताका निवेदकको मागदाबी, जग्गाको नक्सा र अरु आवश्यक प्रमाणका आधारमा नै सिफारिस गरिएको हो । र, यसरी जग्गा बिक्रीका लागि सिफारिस गर्दा आजसम्म कतै पनि फिल्डमा गएर हेर्ने प्रचलन थिएन र छैन पनि । यति कुरा बुझेर पनि यस सम्बन्धमा मलाई जोडेर अनर्गल प्रचारबाजी गराइएको र विशुद्ध राजनीतिक क्षेत्रमा रहेको मानिसलाई भूमाफियाजस्तो शब्द प्रयोग गरिएकोमा घोर आपत्ति प्रकट गर्दछु ।

वडाले हेर्ने प्रमाण भनेकै नापी शाखाबाट प्रमाणित उपलब्ध जग्गाको नक्सा आर्थिक वर्षको मालपोत तिरोतिरेका रसिद सम्बन्धित जग्गाधनीले दिएको निवेदन, नागरिकताको फोटोकपी र धनीपूर्जाको फोटोकपी हो । यद्यपि, त्यहाँको कित्ता नम्बर ५४७ लाई ६२२ बनाइएको बारेमा वडा कार्यालय जानकार हुने कुरा पनि होइन । बरु नापी कार्यालय झापाका कर्मचारीले ५४७ नम्बरको कित्तालाई ६२२ बनाएको देखिन्छ । यसरी नापी शाखाका कर्मचारीले नक्सामा कित्ता नम्बर परिवर्तन गरेको कुरा नापी कार्यालयले नै स्वीकार गरिसकेको आम वडाबासीहरुलाई जानकारी गराउँदछु ।

साथै, यस विषयलाई लिएर बिर्तामोड नगरपालिका प्रमुख ध्रुवकुमार शिवाकोटीज्यूले नगरपालिकाको तर्फबाट नापी शाखामा सो नक्साको कित्ता फेरबदल गर्ने कर्मचारीलाई कारबाही गर्न पत्र पठाइसक्नु भएको र पुराना प्रमाणित नक्सालाई सामेल गरी ५४७ कित्ता नम्बर कायम गर्न सिफारिस गरिएको छ । तसर्थ म पनि त्यस अपराधमा संलग्न कर्मचारीहरुमाथि सख्त कारबाहीको माग गर्दछु ।

अग्निप्रसाद पाण्डे
वडाध्यक्ष

विपीमा रुटिन ओ. टि. सेवा सुचारु हुने

झापा (प्रस) । विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले आइतबारदेखि रुटिन ओ. टि. (शल्यक्रिया) सेवा सुचारु गर्ने भएको छ ।

प्रतिष्ठानका सहायक अस्पताल निर्देशक डा.प्रमोद बरालले बुधबार एक सूचना जारी गर्दै ओटी युजर्स कमिटीले मंसिर ७ गतेदेखि रुटिन ओटी सुचारु गर्ने निर्णय गरेको जानकारी दिएका छन् । कोरोना संक्रमणको जोखिम बढेको भन्दै प्रतिष्ठानले विगत एक महिनादेखि इमर्जेन्सी र सेमी इमर्जेन्सी प्रकृतिका अप्रेसनहरु मात्र गरिरहेको थियो । सहायक अस्पताल निर्देशक डा.बरालका अनुसार स्टाफ नर्सहरुमा ठूलो संख्यामा कोरोना संक्रमण भएपछि जनशक्ति अभाव भएको थियो । जसले गर्दा एक महिनादेखि रुटिन ओटी सेवा बन्द थियो । पछिल्लो समय प्रतिष्ठानले ७५ जना नयाँ स्टाफ नर्सहरु नियुक्ति गरेकोले ओटी सेवा सुचारु गर्ने निर्णय भएको हो । प्रतिष्ठानमा इमर्जेन्सी र सेमी इमर्जेन्सी ओटीबाहेक ७ वटा रूटिन ओटी रहेको छ । एक महिनादेखि भने दुई वटा रुटिन ओटी मात्र सञ्चालनमा रहेको थियो ।

राष्ट्रपति भण्डारीद्वारा औषधिसम्बन्धी अध्यादेश जारी

झापा (प्रस) । राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाल औषधि (तेस्रो संशोधन) अध्यादेश २०७७ जारी गरेकी छन् ।

राष्ट्रपति कार्यालयका अनुसार उनले बुधबार नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषदको सिफारिसमा अध्यादेश जारी गरेकी हुन् । संसद अधिवेशन नभएका बेला नयाँ कानुन ल्याउनुपरेमा अध्यादेशमार्फत ल्याउने प्रचलन छ । कोरोना विरुद्धको खोप नेपालमा आयातका लागि यो कानुनी व्यवस्था गरिएको हो । केही दिनअघि स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकालले कोरोनाविरुद्धको खोप परीक्षण सफल हुनासाथ नेपालमा ल्याउनका लागि कानुनी समस्या नहोस् भनेर अध्यादेश ल्याउन लागेको जानकारी दिएका थिए ।

पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा
शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरू

औषधीको प्रयोग नगरी उपचार
बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुन: यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।

सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।

पूर्ण टुङ्ग बिर्ता सीटी हस्पिटल
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ५८६२६८०००

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

हाडजोर्नी तथा नशाका समस्याहरूको
बिना अप्रेसन सफल उपचार

सफलतापूर्वक उपचार हुने समस्याहरू
ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
बाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको

सम्पर्क : स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

सम्पादकीय

कोरोना पसिसक्यो घरआँगनमा

हेर्दहिर्दै झापामा कोरोना संक्रमितको संख्या तीन हजार बढी पुगेको छ । बुधबारसाँझसम्मको तथ्यांकअनुसार संक्रमितको संख्या ३ हजार ९४ पुगेको छ । मृत्यु हुनेको सँखया ८८ भएको छ । बुधबार एकैदिन ३० संक्रमित थपिए । परीक्षणको दायरा बढाउँदा यो संख्या झनै बढ्ने निश्चित छ । नेपालमा कोरोना संक्रमण एकप्रकारले सरकारको नियन्त्रण बाहिर गइसकेको छ । शहरका प्रत्येक टोलमा कोरोनाका फिलिङ्गा छरिएका छन् । पर्याप्त सावधानी नअपनाउने हो भने आगामी दिनमा यसले थप संकट निम्त्याउने प्रस्ट छ । बिर्तामोड नगरपालिकामा १० जना संक्रमितको मृत्यु हुँदै गर्दा बिर्तामोड नगरपालिकाका एकजना कोभिड पर्सनले भन्दै थिए- अब हेर्नुस् पुष माघमा बिर्तामोडमा मात्र दिनमा १० जना जतिको मृत्यु हुन सक्छ । उनले तर्साएका होइनन् , आउने जोखिमका बारेमा सचेत गराएका हुन् ।

संक्रमण फैलिन नदिन सरकारले शुरूमा केही सावधानी अपनाएको थियो, तर सरकारको व्यवस्थापकीय अक्षमताका कारण कोरोना संक्रमण नियन्त्रण बाहिर गयो । शुरूमा सीमा नाका बन्द गर्न नसक्नु, क्वारेन्टाइन र आइसोलेसन सेन्टर हरूमा न्यूनतम पूर्वाधार नबनाउँदा संक्रमितहरू क्वारेन्टाइनबाट भाग्ने र संक्रमण फैलाउने काम गरे । सरकार र नागरिक दुवैको कमजोरीका कारण कोरोना संक्रमण अहिले समुदायमा फैलिसकेको छ । पछिल्लो समय सार्वजनिक यातायात सुचारु गर्नु र पर्याप्त सुरक्षा सावधानी नअपनाउनुले संक्रमण भुसको आगो जस्तै फैलियो ।

सीमित परीक्षण गर्दा पनि झापामा एकैदिन १सय ५१ जनासम्म संक्रमित फेला परिसकेको छ । कोरोना संक्रमण फैलिन नदिन सरकारको व्यवस्थापन निकै फितलो छ, तर नागरिक स्तरमा पनि धेरै कमजोरी छन् । सरकारले बन्दाबन्दी (लकडाउन) खुलाउन प्रशासनिक रूपमा गरेको खुकुलोपनलाई आम नागरिकले कोरोना संक्रमण सकिएको रूपमा लिए । कोरोना महामारी बिर्सिएर होटल रेस्टुराँमा भेटघाट बाक्लिए । यस्ता घटनाले गर्दा पनि कोरोना संक्रमण फैलिने दर ह्वात्तै बढ्यो ।महामारीको यस्तो भयावह अवस्थामा कोरोना संक्रमणबाट जोगिने एक मात्र उपाय भनेको सावधानी नै हो ।

प्रतिपक्ष केका लागि ?

❖कृष अर्याल

संसदीय व्यवस्थामा प्रतिपक्षको महत्वपूर्ण भूमिका हुन्छ। संसदका विभिन्न समितिमा रहेर सरकारको गलत कामको खबरदारी गर्नु र राम्रा कामलाई प्रश्रय दिनु उसको कर्तव्य हो । भारतीय समाजवादी नेताले भनेका छन्, 'प्रतिपक्ष कहिल्यै चुप लागेर बस्न हुँदैन। काम भएन भने उसले सडकको इँट्टा उठाएर सरकारी अड्डातिर फाल्नुपर्छ । यसो गर्दा प्रहरीले पक्राउ गर्छ र रिहाइका लागि जनताहरू सडकमा जान्छन् ।' यो भनाइमा दम होला -नहोला, अलग विषय हो । साँचो के भने, प्रतिपक्ष भावी सरकार (वेटिङ गभर्मेन्ट) समेत हो । यसकारण ऊ चुप लागेर बस्नु चाहिँ हुँदै हुँदैन । क्रियाशील नै देखिनुपर्छ ।

हामी कहाँ सदनमा अहिले नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को बहुमत छ । सरकार उसैको हुने नै भयो । नेपाली कांग्रेस प्रमुख प्रतिपक्षको भूमिकामा छ । तर प्रतिपक्षीले निर्वाह गर्नुपर्ने कैयौं भूमिका उसले निर्वाह गरेको छैन । प्रतिपक्षी दल हुनुका नाताले राज्यबाट पाउने सेवा, सुविधा लिने र संवैधानिक समितिमा बसेर पदीय बाँडफाँटमा मात्र सीमित रहेको देखिन्छ । अघिल्लो महिना विश्वविद्यालयका कुलपति यसैगरी भागबन्डामा नियुक्त भइसकेका छन् । निकट भविष्यमा नियुक्त हुने संवैधानिक अंगका प्रमुख तथा पदाधिकारीका लागि बार्गेनिङ चल्दैछ । यसकारण आम मानिसहरू कांग्रेसतर्फ फर्केर 'संवैधानिक अंगमा निष्पक्ष नियुक्तिका लागि मापदण्ड बनाउने कि भागबन्डामा अल्झिने ?' भनेर प्रश्न तेर्स्याइरहेका छन् ।

चीनमा एउटा भनाइ छ 'मलाई एक किलो माछा उपहार दिनुको सट्टा माछा मार्ने सीप देऊ, ताकी म कसैले उपहार नदिँदा पनि आफ्नै सीपले माछा मारेर खान सकूँ ।'

यहाँ पनि प्रमुख प्रतिपक्षी दलले १ -२ जना पदाधिकारी भित्र् याउनुभन्दा स्वतन्त्र, निष्पक्ष र पारदर्शी पारामा नियुक्त हुने विधि स्थापनामा पहल गर्नुपर्थ्यो । यसो भयो भने उसका मान्छे कुनै न कुनै बेला स्वतः भित्रिन सक्छन्। सत्तासँग सधैं बार्गेनिङ गरेर प्रतिपक्षीको धर्म निर्वाह हुन सक्दैन ।

सदन तातेन

नेपाली संसदमा विगतमा ३३ किलो सुन, सिन्डिकेट, ठेक्कापट्टा, वाइडबडी, बालुवाटार जग्गा प्रकरण, मेलम्ची खानेपानी, बुढीगण्डकी जलविद्युत परियोजना, एनसेल कर छुट, गोकर्ण रिसोर्टजस्ता बग्रेल्ती काण्डले चर्चा पायो। तर प्रमुख प्रतिपक्षीले यी विषयमा कहिल्यै खुलेर छलफल गरेन। सदनमा पनि कुरा राखेन । ध्यानाकर्षण समेत गराएन ।

गुठी विधेयक, सूचना प्रविधि विधेयक, दल फुटाल्ने सम्बन्धी विधेयक आदिमा सामाजिक सञ्जालमा भएको कडा विरोध, सामाजिक अभियन्ताको खबरदारीका कारण माइतीघर मण्डला तात्यो र सरकार पछि हट् यो । विना परिश्रम प्रतिपक्षले जस त लियो तर खासमा प्रतिपक्षीले सत्तारुढ दलकै सांसद भीम रावल, रामकुमारी झाँक्रीका जस्तो स्वरसम्म पनि निकाल्न सकेन ।

सरकारको आलोचनाका लागि प्रतिपक्षीभन्दा रावलहरू नै एक कदम अगाडि देखा परे । यसैकारण सरकारका लागि प्रतिपक्ष होइन, आफ्नै दलका यी सांसद टाउको दुखाइ बने ।

कहिलेकाहीं गगन थापा र विश्वप्रकाश शर्माको चर्को डाँकोले 'ए प्रतिपक्षी पनि रहेछन् कि क्या हो' भन्ने संकेत दिनु सिवाय अरू काम भएन । कांग्रेसमा बुढा नेताका अगाडि यिनीहरू पनि बूढो रुखमुनिका तप्केनी भएर बस्नुपरेको छ। मूलतः ताप्के नताती बाँड ताते कुरो भएन । ताप्के भनेको प्रमुख प्रतिपक्षी दलका नेता पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा नै हुन् । उनी कहिल्यै पनि सशक्त भूमिकामा देखा परेनन् ।

संसदीय व्यवस्थामा सत्तापक्षका साथै प्रतिपक्षको पनि गहन भूमिका हुन्छ । २०४८ सालमा दमननाथ ढुंगाना सभामुख थिए । नेपालमा संसदीय परिपाटी तथा संस्कार निर्माणमा उनको कार्यकाल उल्लेख्य मानिन्छ । उनले सदनमा

भनेका थिए- 'सरकार सत्तापक्षको र सदन प्रतिपक्षको हुन्छ । अर्थात्, सदनमा प्रतिपक्षले खुलेर बोल्न पाउनुपर्छ, सरकार सत्तापक्षले चलाउनुपर्छ ।'

सदन सञ्चालनका लागि उनको उक्त भनाइ सैद्धान्तिक मार्गदर्शन थियो । तर आजको हाम्रो प्रतिपक्षी सदनमा जनताका जल्दाबल्दा सवालमा कहिल्यै संवेदनशील भएर बोलेनन् । बेलायती राजनीतिज्ञ जोन एक्टोनले 'शक्ति (सत्ता) भ्रष्ट हुन्छ, पूर्ण शक्ति (सत्ता) ले पूर्ण भ्रष्टाचार गर्छ' भनेका थिए । यस्तो भ्रष्टाचार रोक्न तथा सरकारले सत्ता र शक्तिको आडमा गर्ने गलत काम कारबाहीमा खबरदारी गर्न प्रतिपक्ष चाहिने हो। तर हाम्रो प्रतिपक्ष खोपीको देउताजस्तो मौन देखिन्छ ।

संसदमा राष्ट्रिय मुद्दा र जनअधिकारका विषयमा कहिल्यै व्यापक छलफल भएन। सीमा विवाद, भ्रष्टाचार, हत्या, हिंसा, बलात्कार र राज्यको दोहनजस्ता विषयमा बहस गरिएन । संसदद्वारा प्रस्तुत नीति तथा कार्यक्रम, बजेट र सरकारले ल्याएका कानुन अनुमोदनको औपचारिकता पूरा गर्नेभन्दा माथि प्रतिनिधिसभा, राष्ट्रियसभा र अन्य संसदीय समिति जान सकेका छैनन् । यहाँसम्म, प्रमुख प्रतिपक्षीले नेतृत्व गरेको सार्वजनिक लेखा समिति समेत सक्रिय देखिएन ।

सरकारका काम सुक्ष्म ढंगले नियाल्ने जिम्मेवारीमा रहेको प्रमुख प्रतिपक्ष कांग्रेसले सदन सडक, आन्तरिक बैठक र सामाजिक सञ्जालसम्म कतै पनि एजेन्डा नपाएजस्तो देखिन्छ ।

त्यसैले प्रतिपक्ष कहाँ छ ? वा मौन छ ? खोजी गर्ने बेला भएजस्तो छ ।

चिकित्सा क्षेत्रको सुधारका लागि डा. गोविन्द केसी अनसन बसिदिनुपर्ने, सरकारको काम कारबाहीको विरोध सत्तारुढ दलका नेताले गरिदिनुपर्ने, अलोकतान्त्रिक विधेयकउपर सामाजिक अभियन्ताले कराइदिनुपर्ने भएपछि प्रतिपक्ष केका लागि ? सर्वत्र प्रश्न उठेको छ ।

हालै पूर्व प्रधानमन्त्री डा.बाबुराम भट्टराईले बहालवाला प्रधानमन्त्री केपी ओलीसहित पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र शेरबहादुर देउवाले बूढी गण्डकी परियोजनाबाट ९ अर्ब रुपैयाँ खाएको खुलासा गरेका छन् । एउटा पूर्व प्रधानमन्त्रीले बहालवालासहित अन्य पूर्व प्रधानमन्त्रीउपर लगाएको यो आरोप चानेचुने होइन ।

आवश्यक परे प्रमाण दिन आफू तयार रहेको कुरा उनले एक सार्वजनिक समारोहबीच भनेका छन्। यो बेला आरोपित प्रतिपक्ष कहाँ छ ? उसले केही बोल्नुपर्ने होइन ? कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले आरोपकर्तालाई प्रमाण पेश गर्न चुनौती दिए पनि यस सम्बन्धमा स्वयम् आरोपित शेरबहादुर देउवा मौन छन् । प्रतिपक्षले बाँकी २ जनाका हकमा पनि सत्य, तथ्य बाहिर ल्याउन भन्नुपर्ने होइन र ? तर यस मामिलामा ऊ 'आफैं त महादेव उत्तानो पर, कसले देला बर' को स्थितिमा छ ।

मुद्दामा प्रतिपक्ष खै ?

अघिल्लो साता प्रदेश ५ ले आफ्नो नाम र राजधानीको प्रस्ताव प्रदेश सभामा टेबुल गऱ्यो। संविधानको धारा २८८ (२) तथा २९५ (२) अनुसार दुई तिहाइ बहुमतले प्रस्ताव पारित हुने व्यवस्था थियो । कांग्रेसका केही सांसदले प्रस्ताव पेश हुन नदिन तथा पेश भएपछि छलफल नै हुन नदिने गरी सदनमा हो-हल्ला गरे । रोष्ट्रम घेराऊ गरे । अन्तमा आफूले पनि दुईतिहाइ विरोधमा पुर्याउन नसक्ने र सत्तापक्षलाई दुईतिहाइ पुर्याउनबाट रोक्न पनि नसक्ने देखेर कुर्सी, टेबुल, माइक तोडफोड गर्न उत्रे । संसदमा प्रतिपक्षीको भूमिका यो अपेक्षित थिएन । जे गर्नुपर्ने हो त्यो नगर्ने, जे गर्न नहुने थियो त्यही गर्ने प्रतिपक्षी मुलुकले खोजेको थिएन ।

बंगलादेशमा एउटा सामूहिक बलात्कार घटनाको चौतर्फी बिरोध भएपछि त्यहाँ हालै प्रतिपक्षी दलसमेतको आह्वानमा बलात्कारीलाई मृत्युदण्ड दिने कानुन अध्यादेशमार्फत् ल्याइयो । हामीकहाँ निर्मला पन्तको बलात्कार र हत्या भएको वर्षदिन कट्यो । आजसम्म अपराधी पत्ता लाग्न सकेको छैन । १२ वर्षे सम्झना कामीको गत भदौमा बझाङमा बलात्कारपछि हत्या भयो । कडा कानुन अभावमा दैनिकजसो ६, ७ जनाका संख्यामा बलात्कारका घटना भइरहेका छन् ।

तर प्रतिपक्षले सरकारलाई कडा कानुनका लागि दबाब होइन, आग्रहसमेत गरेको देखिँदैन । गाउँपालिकामा चुनाव हारेका कार्यकर्तालाई राष्ट्रिय सभामा लगियो । प्रतिपक्षले एक शब्द बोल्ने आँट गरेन ।

कोरोना संक्रमितले अस्पतालमा बेड पाएका छैनन् । प्रतिपक्ष एक शब्द बोल्दैन ।

गत चैतदेखि शिक्षा क्षेत्र ठप्प छ । प्रतिपक्ष केही भन्दैन । टुँडिखेलमा दैनिकजसो हजारौं भोका पेट टपरी थापेर भात मागेका छन् । प्रतिपक्षले सरकारको ध्यानाकर्षण समेत गराउँदैन । स्वास्थ उपकरण खरिदमा भ्रष्टाचारमा चौतर्फी गुनासो छ । प्रतिपक्षको धारणा सार्वजनिक हुँदैन । वर्ष दिनबढी भयो प्रतिनिधि सभामा उपसभामुख रिक्त भएको, प्रतिपक्षले पदपूर्ति गर भन्दैन । सरकार भागबन्डाका लागि मन्त्रालय फुटाल्न लागेको छ, प्रतिपक्षले खबरदारी गर्दैन ।

सकारात्मक सोचको शक्ति

❖ किृष अर्याल



तपाईं सोचाइबाट आफ्नो व्यवहार गर्ने तरिका परिवर्तन गर्न सक्नुहुन्छ र एक सकारात्मक मानसिकता प्राप्त गर्न सक्नुहुन्छ ।

एक सकारात्मक मानसिकताले तपाईं जहिले पनि अधिक आनन्द, खुशी र स्वस्थ अनुभव गर्नुहुन्छ । तपाईंको तनावको स्तर कम गर्न मद्दत गर्छ । साधारणतया तपाईंको विश्वास तपाईंको दिमागले सोचेअनुसार हुन्छ । तपाईं सकारात्मक अवस्थाको पूर्वानुमान गर्नुहुन्छ भने सकारात्मक परिणाम पनि पाउनुहुन्छ । शरीर स्वस्थ राख्न दिमाग निकै महत्वपूर्ण पक्ष हुन्छ । तपाईं सकारात्मक सोचमार्फत आफूलाई स्वस्थ राख्न सक्नुहुन्छ । सकारात्मक सोचको शक्तिले मानिसलाई दैनिक जीवनका मामिलाहरू सामना गर्न सहज बनाउँछ । मानसिले आफू वरिपरिका अवसरहरू देख्छ, सत्य देखा पर्छ र कदम चाल्ने साहस प्राप्त हुन्छ ।

सकारात्मक सोचका प्रबर्द्धकहरूका अनुसार सकारात्मक जीवनभन्दा ठूलो अर्को कुनै आनन्द छैन । सकारात्मक सोचले तपाईं आफूलाई खुसी र ऊर्जावान महसुस गर्नुहुन्छ । भलाइको भावनाले तपाईंको दिमाग भरिन्छ । भविष्य उज्ज्वल देख्नुहुन्छ । सकारात्मक सोचलाई जीवनको एक मार्गको रूपमा अपनाउँदा तपाईंको जीवनमा रचनात्मक परिवर्तन आउँछ । जीवन उज्यालो र सफल हुन्छ । मनोविज्ञानको उदीयमान क्षेत्रले सकारात्मक सोचको शक्तिलाई वैज्ञानिक दृष्टिकोणमा लिन्छ । यसले केही आश्चर्यजनक खुलासाहरू गरेको छ ।

- सकारात्मक सोच एक यस्तो कौशल हो जसले खुशी सिर्जना गर्न सिकाउँछ ।
- खुशी जीवनमा सकारात्मक परिणामहरूको कारण हो, परिणाम होइन ।
- अरूको हितको लागि आफ्नो धन प्रयोग गर्दा गर्दा व्यक्ति खुशी हुन्छ ।
- आनन्दित व्यक्तिहरूमा गहिरो धार्मिक र आध्यात्मिक विश्वास हुन्छ ।

हामीमध्ये धेरैलाई सकारात्मक सोच के हो भन्ने थाहा छ तर कसरी सकारात्मक हुने वा कसरी सकारात्मक सोच विकास गर्ने भन्ने थाहा छैन । अध्येताहरूका अनुसार दिमागलाई सकारात्मक सोचमा बदल्न केही भित्री काम आवश्यक पर्छ ।

मनोवृत्ति र विचारहरू एकै रातमा परिवर्तन हुँदैनन् । तपाईं प्रेरणादायी साहित्य अध्ययन, ध्यान र प्रत्यक्ष अनुभवबाट दिमागको राज्यको सकारात्मक सोच विकास गर्न सक्नुहुन्छ ।

जब दिमागको राज्य आशावादी हुन्छ तब तपाईं दैनिक तनाव व्यवस्थापन गरेर रचनात्मक तरिकामा चलाउन सक्षम बन्नुहुन्छ । अध्ययेताहरूले केही सरल उपायहरू सिफारिस गरेका छन् जसको अभ्यासले तपाईंले आफूमा सकारात्मक सोच विकास गर्न सक्नुहुन्छ ।

मुस्कान : वैज्ञानिकरूपमा प्रमाणित भएको छ कि मुस्कानले तपाईंको समग्र मनोभाव र दृष्टिकोण सुधार गर्न सक्छ । मुस्कान सबैभन्दा राम्रो औषधि हो । मन, शरीर र आत्मा शान्त पार्न हाँस्नुहोस् । यसको अभ्यास गराउने योग र हाँसो क्लबमा सम्मिलित हुनुहोस् । तपाईंको मुस्कानले तपाईंको सामुन्नेमा रहेका अरूलाई पनि सकारात्मक बनाउन मद्दत गर्छ ।

निःस्वार्थ रूपमा अरूलाई मद्दत गर्नुहोस् : आफ्नो समय, बुद्धिमत्ता र पैसा दान गरेर अरूलाई मद्दत गर्नुहोस् ।

तपाईंको अहङ्कार हटाउनुहोस् : मानिसका लागि अहङ्कार खतरनाक मनोवृत्ति हो । अहङ्कारले मानिस अरू सबै खराब अनि आफूमात्रै असल र ज्ञानी देख्छ । सकारात्मक सोचका लागि अहङ्कार बाधक हुन्छ ।

कृतज्ञता दर्शाउनुहोस् : कृतज्ञ हुनुले तपाईंको जीवनमा अझ बढी खुसी ल्याउँछ । तपाईं धन्यवाद दिन कन्जुस्याइँ नगर्नुहोस् ।

लक्ष्य निर्धारण गर्नुहोस् : तपाईंको आफ्नो लक्ष्य र दैनिक काम निर्धारण गरेर अघि बढ्नुहोस् । तपाईंको प्राथमिकता निर्धारण गर्नुहोस् र सोहीअनुसार काम गर्नुहोस् । लक्ष्यले तपाईंलाई अग्रगामी हुन प्रेरित गर्छ ।

आफ्नो दिमागलाई तालिम दिनुहोस् : सकारात्मक विचारहरूमा ध्यान केन्द्रित गर्न तपाईंको दिमागलाई तालिम आवश्यक पर्छ । सकारात्मक सोचका व्यक्तिहरूको समूह बनाउनुहोस् र सहकार्य गर्नुहोस् । यसले तपाईंलाई स्वतः तालिम दिन्छ ।

जीवनशैली बनाउनुहोस् : सबै परिस्थितिमा आफूलाई स्थिर राख्नुहोस् र सकारात्मक दृष्टिकोण बनाउनुहोस् । सकारात्मक दृष्टिकोणलाई आफ्नो बानी र जीवनशैली बनाउनुहोस् ।

स्वस्थ आहारविहार गर्नुहोस् : स्वस्थकर खानाले तपाईंको दिमाग र शरीर दुवै स्वस्थ राख्न मद्दत गर्छ । दिमाग सक्रिय बनाउँछ । स्वस्थ प्राकृतिक वातावरण भएको ठाउँमा पैदल यात्रा गर्नुहोस् । आफ्नो दैनिक कार्यतालिकामा योग, ध्यान र प्राणायाम समावेश गर्नुहोस् ।

सङ्गीत सुन्नुहोस् : शान्त ठाउँमा मधुर आवाजमा आफूलाई मनपर्ने गीत सुन्नुहोस् । सङ्गीतको तालमा रमाउनुहोस् । यसले तपाईंको दिमाग स्वस्थ राख्न मद्दत गर्छ ।

उपर्युक्त १० वटा उपायहरू सरल छन् । हामी प्रत्येक व्यक्तिले अवलम्बन गर्न सक्छौं ।

सकारात्मक सोच र यसबाट हुने लाभहरूका विषयमा अन्वेषकहरूले अन्वेषण जारी राखेका छन् । अन्वेषकहरूका अनुसार सकारात्मक सोचले शरीरको प्रतिरक्षा प्रणाली सुधार गर्छ । तपाईंलाई थप लचिलो बनाउँछ । जीवनका कठिनाइहरू पार गर्नसक्ने क्षमता विकास गर्न मद्दत गर्छ । तपाईंको आयु बढाउन मद्दत गर्छ ।

सकारात्मक सोच मानसिक दृष्टिकोण हो । वास्तविक र प्रभावकारी सकारात्मक सोचले व्यक्तिमा साँच्चै ठूलो सकारात्मक प्रभाव पार्छ ।

सकारात्मक सोचको शक्तिले तपाईंलाई आफ्नो लक्ष्यमा प्रतिबद्ध बनाउँछ । परिस्थिति जस्तोसुकै भए पनि प्रत्येक व्यक्तिले आफूमा सकारात्मक सोच उत्पन्न सिर्जना गर्न सक्छ । नकारात्मक मनोवाद गर्न बन्द गर्नुहोस् ।

सकारात्मक सोचका चिन्तकहरूले परिस्थितिलाई यथार्थमा हेर्ने प्रयास गर्छन् । परिस्थिति सुधार गर्ने तरिकाहरू खोज्छन् । अनुभवहरूबाट सिक्ने प्रयास गर्छन् । तपाईं सकारात्मक सोचका साथ अघि बढ्नुहुन्छ भने तपाईंको जीवनमा रचनात्मक परिवर्तन ल्याउँछ ।

आफूमा सकारात्मक सोचको अभ्यास गर्नुहोस् र सकारात्मक सकारात्मक सोचका बारेका धेरै चर्चा हुने गरेको छ । सकारात्मक सोचका अध्येता र प्रबर्द्धकहरूका अनुसार सकारात्मक सोचले भित्री आत्मालाई आश्चर्यजनक रूपमा स्वस्थ बनाउँछ । मानव मस्तिष्कमा सकारात्मक सोचले आफ्नो इच्छालाई यथार्थमा परिवर्तन गर्ने शक्ति हुन्छ ।

अन्वेषकहरूले सकारात्मक सोचका धेरै फाइदाहरू पत्ता लगाएका छन् । स्ट्यान्फोर्ड अनुसन्धान संस्थाको एक अध्ययन अनुसार मानिसको सफलता ८८ प्रतिशत सकारात्मक सोचको र १२ प्रतिशत शिक्षाको परिणाम हो । यसकारण तपाईंको सफलता तपाईंको सोचमा भर पर्छ ।

अध्येताहरूका अनुसार सकारात्मक सोच दिमागको एक आशावादी राज्य हो । यसले सधैं जीवनको उज्ज्वल पक्ष देख्छ र गिलास आधा खाली छ भन्नुको सट्टा आधा भरिएको छ भन्नेमा केन्द्रित हुन्छ ।

मानव मनोविज्ञानअनुसार दिमागले शरीरलाई नियन्त्रण गर्छ । तपाईं केही सरल उपायहरू अनुशरण गरेर आफ्नो क्षमता पत्ता लगाउन सक्नुहुन्छ । प्रत्येक व्यक्ति आफूले चाहेको कुरा हासिल गर्न आफ्नै दिमागमा प्रोग्रामिङ गर्न सक्षम छ ।

छठ पर्व शुरु , जलासय सुनसान

झापा (प्रस) । मानव जीवनका लागि अत्यावश्यक नदी र सूर्यदेवको श्रद्धा भक्तिपूर्वक आराधना र पूजा गरी मनाइने छठपर्व बुधबारदेखि शुरु भएको छ । कात्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म चार दिन मनाइने सूर्यदेवको आराधना, उपासना र पूजाको पर्व आज स्नान गरी चोखो खाएर बसिन्छ । कात्तिक शुक्ल चतुर्थीका दिन बुधबार बिहान बर्तालुले स्नान गरेसँगै यो पर्वको विधि शुरु हुन्छ । चतुर्थीको कर्मलाई अरबाइन वा अरबा भनिन्छ । यस दिनदेखि छठपर्व नसकिएसम्म बर्तालुले माछा, मासु, लसुन, कोदो, फापर, मुसुरो, आदि नखाने विधि छ । मनोकांक्षा पूरा हुने विश्वासमा विशेषगरी महिलाले छठमा कठोर व्रत गर्छन् । तराईमा उत्साहका साथ मनाइने मिथिला संस्कृतिमा आधारित छठ पर्व विसं २०४६ पछि काठमाडौँ लगायत पहाडमा मनाउन थालिएको हो । सूर्य उपासनाको पर्व भएकाले पहाडी समुदाय पनि यसप्रति आकर्षित भएका छन् । विसं २०६३ पछि भने काठमाडौँको थापाथली, गुह्येश्वरी, गौरीघाट र रानीपोखरीमा पनि विशेष महत्व एवं साजसज्जाका साथ यो पर्व मनाउन थालिएको हो ।

यसअघिदेखि नै वाग्मती र विष्णुमती नदी किनारमा छठ मनाउने संस्कृति शुरु भएको थियो । कात्तिक शुक्ल चतुर्थीका दिन छठस्थलमा सरसफाइ एवं स्नान गरेका बर्तालु पञ्चमीका दिनमा निर्जल उपवास बस्छन् । यस दिन बेलुकी घरमा खिर बनाई चन्द्रमालाई अर्पण गरी एक छाक खाने गरिन्छ । यसलाई खरना भन्ने गरिएको छठ मनाउँदै आएका अनिल झा बताउँछन् ।

षष्ठीका दिन बर्तालुले ठेकुवा, फलफूल, मिठाइ र रोटी सूर्य एवं छठीमातालाई चढाउने गर्छन् । रोटीमा सूर्यको रथका पांग्रा अङ्कित गरिन्छ । षष्ठीका दिन पकवान, फलफूल र नरिवललाई बाँसको टोकरीमा सजाएर माथिबाट कपडाले छोपिन्छ । साँझपख बत्ती बालेर माटाको घडाको साथ गीत गाउँदै नदी वा तलाउका किनारमा गइन्छ । डुब्न लागेका सूर्यलाई अर्घ्य दिई प्रणाम गरिन्छ । अर्घ्य दिएपछि तीनपटक पानीमा डुबुल्की मारी मनोरञ्जन गर्दै त्यहीं रात बिताइन्छ ।

सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई दर्शन गर्न बिहान ४ बजेदेखि नै प्रतीक्षा गरिन्छ । उदाउँदो सूर्यलाई गाईको दूध, फूल र जलले अर्घ्य दिइन्छ । यसरी घाटमा गरिने पूजालाई भिन्सरघाट भनिन्छ । बिहानै घाटमा गरिने पूजा भएकाले भिन्सरघाट भनिएको हो । सूर्योदयकालमा अर्घ्य दिई सूर्यको दर्शन गरेपछि छठ पूजा सकिन्छ । सूर्यको दर्शन गर्दा भक्तहरु लुगासहित कम्मरसम्मको पानीमा डुबेर सूर्य दर्शन गर्ने विधि रहेको छ । पृथ्वीमा भएका जीवको सञ्चालन र संरक्षण जल एवं सूर्यबाट भएकाले नदीलाई माता, सूर्यलाई सम्पूर्ण शक्तिको स्रोतका रुपमा मानी विशेष पूजा गर्ने गरिएको हो । कात्तिक शुक्ल पक्षमा सूर्यको पूजा गर्नाले मनोकांक्षा पूरा भई इच्छाएको फल प्राप्त हुने उल्लेख शास्त्रमा गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा डा रामचन्द्र गौतम बताउँछन् ।

सूर्यको उपासना गर्ने र शुद्धताको प्रतीक भएकाले तराईबाट शुरु भई हाल पहाड र हिमाली क्षेत्रसम्म पनि छठ मनाउन थालिएको छ । सूर्य पूजा र दर्शन गरी विवाहित महिला पुरुषले पतिपत्नीको दीर्घायु एवं अविवाहित केटाकेटीले सुयोग्य वर वधु प्राप्तिको कामना गर्छन् । सन्तान प्राप्तिको कामनाले यो पर्व मनाउनेको सँख्या पनि धेरै छ । यो पर्वमा मुस्लिम, बौद्ध र जैन धर्मावलम्बीको समेत सहभागिता रहने गरेको विसं २०६८ देखि कमलपोखरीमा छठ पूजाको नेतृत्व गर्दै आएका कमलपोखरी छठ समाजका अध्यक्ष राजेन्द्र सिंहले बताए ।

यस वर्ष कात्तिक शुक्ल षष्ठी अर्थात् मङ्सिर ५ गते शुक्रबार बेलुकी अस्ताउँदो र सप्तमी अर्थात् मङ्सिर ६ गते शनिबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिइन्छ ।

कोरोना महामारीका कारण दशैं र तिहार जस्तै यसबर्ष सुर्य उपासनाको महानपर्व छठ पनि प्रभावित हुने भएको छ ।

कोरोना महामारीका कारण जलाशयमा गएर छठपर्व मनाउन सुरक्षित नभएपछि स्थानीयले यसबर्ष घरघरमै छठपर्व मनाउने तयारी थालेका छन् । जिल्ला प्रशासन कार्यालय मोरङले भीडभाडरहित छठपर्व मनाउन आग्रह गरेपछि स्थानीयले यसबर्ष घरमै छठपर्व मनाउने तयारी थालेका छन् । उनीहरुले घरघरमै कृत्रिम पोखरीको निमार्ण गरि छठपर्व मनाउने तयारी थालेका हुन् । यही बिहीबारदेखि सुर्य उपासनाको महान पर्व छठ सुरु हुँदैछ । यस बर्ष मङ्सिर ४ गते नहाय खाय, ५ गते अस्ताउँदो र ६ गते उदाउँदो सुर्यलाई अर्घ दिईने कार्यक्रम परेको छ । गत कार्त्तिक २७ गते एक सूचना जारी गर्दै मोरङ प्रशासनले आवश्यक स्वास्थ्य तथा सुरक्षा मापदण्डको पालना गर्दै छठ पर्व मनाउन सम्पूर्ण मोरङबासीलाई आग्रह गरेको थियो । प्रशासनको आग्रह बमोजिम यसबर्ष घरमै छठपर्व मनाउने तयारीमा जुटेको विराटनगर-७ निवासी अजय मण्डलले बताए । उनले घर छेउमा रहेको खाली जग्गामा कृत्रिम पोखरीको निमार्ण गरि पूर्ण आस्था र विश्वासका साथ छठ मनाउने निर्णय गरेको जानकारी दिए ।

यसपटक अन्य बर्षहरु झैं छठपर्व मनाउन रोक लगाईएपछि विराटनगर भएर बग्ने सिंधिया खोला, केशलिया खोला र मोरङ सुनसरी सिँचाई आयोजना अन्तर्गतको नहर क्षेत्र पनि सुनसान देखिएको छ । भाईटिकाको भोलिपल्ट सम्बन्धित जलाशयहरुमा घाट बनाउने क्रियाकलापमा होमिने गरेका स्थानीयहरुले यसबर्ष घरमै छठ मनाउने निधो गरेपछि जलाशयहरुको रौनकता समेत गुमेको छ । कोरोना महामारीको फैलिदो संक्रमण र बढ्दो जोखिमले गर्दा यसबर्ष जलाशयहरुमा अन्य बर्षहरु झैं जमिन सुम्सुम्याउने, केराको थम्बा गाड्ने, सजावट गर्ने, टेन्ट तथा पाल लगाउने र भीडभाड गर्ने लगायतका क्रियाकलापहरु गर्न नदिईने जिल्ला प्रशासन कार्यालय मोरङका सहायक प्रमुख जिल्ला अधिकारी ध्रुवबहादुर खडकाले बताए।

यद्यपि घरमै छठ पर्व मनाउन नसक्नेहरुका लागि बढी भीडभाड नगरि आवश्यक सुरक्षा मापदण्ड अपनाएर सम्बन्धित जलाशयमा गएर अर्घ्य दिन पाउने व्यवस्था गरिएको जिल्ला प्रहरी कार्यालय मोरङको प्रहरी उपरीक्षक सन्तोष खडकाले बताए । उनले यसबाहेकका अन्य सबै क्रियाकलापहरुमा रोक लगाईएको जानकारी दिँदै सो को व्यवस्थापनका निम्ति प्रशस्त प्रहरी परिचालन गरिने उल्लेख गरे ।

गुहेश्वरी युवा परिवारको सक्रियतामा सडकबत्ती

दमक (प्रस) । झापाको कमल गाउँपालिका वडा नम्बर ५ स्थित गुहेश्वरी युवा परिवारले गाउँमा सडक बत्ती जडान गरेको छ ।

रातिको समयमा गाउँघरमा चोर ी,लुटपाट जस्ता आपराधिक गतिविधि हुन सक्ने भन्दै गुहेश्वरी युवा परिवारको अगुवाईमा त्यहाँको आइतवारे बजारदेखि गुहेश्वरी स्कुलको खेल मैदानसम्मको सडकमा बत्ती जडान गरिएको हो ।

सडकको करिव एक किलोमिटर क्षेत्रमा सडकबत्ती जडान गरिएको परिवारका उपाध्यक्ष नविन भट्टराईले बताए ।

'उज्यालो सडक,अपराधरहित समाज' भन्ने अभियान सञ्चालन गरी गाउँमा सडकबत्ती राख्ने कार्य सम्पन्न गरिएको युवा परिवारका सचिव अभिसेक घिमिरेले बताए । उनका अनुसार सडक बत्ती जडान गर्न संस्थागत रुपमा युवाहरुले देउसी भैलो खेलेर ९८ हजार ९ सय ५१ रुपैयाँ संकलन गरेका थिए । त्यसमध्ये ९३ हजार ४ सय ८५ रुपैयाँको लगानीमा सडक बत्ती जडान गरिएको सदस्य सौगात बस्नेतले जानकारी दिए । युवा परिवारले टुक्रेसम्मको सडकमा पोलैपिच्छे सडक बत्ती जोड्ने र पछि केही भए त्यसको मर्मत पनि संस्थाले व्यहोर्ने गरी आबश्यक तयारी समेत गरिएको उनले बताए ।

पाँच वर्षअघि आइतवारे बजार उत्तरका युवाहरुले सामाजिक कार्य गर्ने उद्देश्यले सो युवा परिवार स्थापना गरेका हुन् । त्यस संस्थाले गाउँघरमा सरसफाई, विभिन्न पूजाआजा, टोलका बासिन्दालाई भाडावर्तन, त्रि पाल उपलब्ध गराउँदै आएको छ ।

युवा परिवारले मंगलबार एक कार्यक्रम गरी सडकबत्ती जडान कार्यको आयव्यय समेत सार्वजनिक गरेको छ । हिसाव सार्वजनिक कार्यक्रममा युवा परिवारका सल्लाहकार संयोजक एलवी विष्ट,संस्थाका पदाधिकारी तथा सदस्यहरुको उपस्थिति रहेको थियो । त्यस संस्थामा त्यस टोलका १ सय बढी युवाहरु आवद्ध छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सन्देश

चाडपर्वको बेला खरीद गर्दा विचार गर्नुपर्ने कुराहरुः

- सकभर अनलाईन सेवाबाट सामग्री खरीद गरौं,
- सामग्री खरीद गर्न घरबाट बाहिर निस्कन परेमा अनिवार्य रुपमा मास्कको सहि तरिकाले प्रयोग गरौं,
- दैनिक उपभोग्य सामानहरु नजिकैको पसलबाट खरीद गरौं, भीड नभएको बेला पारेर जाने गरौं,
- पसलमै गएर किनमेल गर्दा अनिवार्यरुपमा मास्कको सहि तरिकाले प्रयोग गर्नुका साथै भौतिक दुरी कायम गरौं,
- किनमेल गर्नु अघि र गरिसकेपछि साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग अनिवार्यरुपमा गरौं,
- किनमेल गरेर घरमा प्रवेश गर्दा राम्रो सँग २० सेकेन्ड सम्म मिचीमिची साबुनपानीले हात धोऔं,
- सम्भव भएसम्म दैनिक उपभोग्य सामग्रीहरु १ हप्ताको लागि पुग्ने गरी किनौं,
- भुक्तानी गर्दा विद्युतीय पद्धतिरकार्डहरु प्रयोग गरेर भुक्तानी गरौं,
- सकभर खुद्रा पैसा लिएर किनमेल गर्न जाऔं,
- बाहिरबाट आएपश्चात कसभर नुहाउने, सम्भव नभए हात, मुख र गोडाहरु राम्रोसँग साबुन पानीले मिचीमिची धोऔं,
- लामो समय र भीडभाडमा बाहिर जाँदा लगाएका कपडाहरु छुट्टै राख्ने र धोए पछि पुनः प्रयोग गर्ने गरौं,
- कामका सिलसिलामा नियमित बाहिर गईरहनु पर्ने व्यक्तिहरु घरमा बस्ने परिवारका सदस्यहरुसँग सकेसम्म न्युनतम भौतिक दुरी कायम गर्ने गरौं,
- आफुले प्रयोग गर्ने सवारी साधनको बढी प्रयोग हुने ठाउँहरु नियमितरुपले क्लोरिन घोल वा स्यानिटाइजरले सफा गरौं,

व्यापारी वर्गहरुमा समेत विशेष अनुरोध

- पसलहरु बिहान सबैरैदेखि अबेरसम्म खुल्ला राखौं, यसले गर्दा सेवाग्राहीहरु फरक फरक समयमा आई खरिद गर्न सक्ने हुँदा भीडभाड कम गर्न मद्दत पुग्नेछ ।
- पसलमा आउने सबै ग्राहकहरुलाई मास्क सहि तरिकाले प्रयोग गर्न, भौतिक दुरी, हातको सरसफाई गर्न प्रोत्साहित गर्ने र सो सम्बन्धि जानकारी सबैले देख्ने ठाउँहरुमा राखौं ।

कोभिड-१९ बाट आफू बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

सञ्चारग्राम, काठमाडौं ।

बिएण्डबि मिडियाले थाल्यो पत्रिकाको प्रकाशन

बिर्तामोड (प्रस) । अनलाइन समाचार प्रकाशित गर्दै आएको बिएण्डबि मिडिया प्रालिले मासिक पत्रिकाको प्रकाशनसमेत शुरु गरेको छ ।

बिर्तामोडमा कार्यालय खोलेर व्यवस्थित रुपमा इटाइम्स नेपाल डट कम अनलाइन प्रकाशित गर्दै आएको सो संचार समूहले इटाइम्स नेपाल नामक मासिक पत्रिकाको सह– प्रकाशन थालेको हो । जसको पहिलो अंक बजारमा आएको छ । बिएण्डबि मिडिया प्रालिको अध्यक्षमा नरेश चुडाल रहेका छन् । संचार क्षेत्रमा नयाँ प्रवेश गरेको आफूहरुको समूहले सही सूचना र समाचार सम्प्रेषण गरी जनतालाई सुसूचित गर्ने उद्धेश्य लिएको प्रबन्ध निर्देशक सुवाष गौतमले बताए ।

मंसिर १ बाट पूर्वाञ्चल दैनिक २६ वर्षमा

बिर्तामोड (प्रस) । पूर्वाञ्चल दैनिक पत्रिका प्रकाशनको २६ वर्षमा प्रवेश गरेको छ ।

झापाको बिर्तामोड- १ मा मुख्य कार्यालय रहेको श्री अन्तु प्रकाशन प्रालिद्वारा प्रकाशन हुँदै आएको पूर्वाञ्चल दैनिक मंसिर १ गते २५ बर्ष पूरा गरी २६ बर्षमा प्रवेश गरेको हो ।

मोफसलमा पहिलोपटक अफसेट प्रविधि भित्र्याएको पूर्वाञ्चल दैनिक प्रेस काउन्सिल नेपालद्वारा 'क' श्रेणीमा वर्गीकृत पत्रिका हो । संस्थाका अध्यक्ष टोरुप प्रसाई, प्रकाशक भरतलाल गिरी र प्रधान सम्पादक एकराज गिरीले पूर्वाञ्चल २६ वर्षमा प्रवेशको पूर्वसन्ध्यामा विज्ञप्ति जारी गरी अहिलेसम्मको यात्रामा साथ दिने, सहयोग गर्ने सबैलाई कृतज्ञता ज्ञापन गरेका छन् । २६ वर्ष प्रवेशसँगै पत्रिकाले यस वर्षबाट विभिन्न जातिको भाषा लिपिको संरक्षण र विकासमा टेवा पुर्याउन विभिन्न भाषामा सामग्री प्रकाशन गर्ने भएको छ । प्रदेश-१ मै पहिलो पटक पूर्वाञ्चल दैनिकले यस्तो कार्य गर्न लागेको हो ।

सर्वप्रथम पाक्षिक रूपमा किरात सिरीजङ्गा लिपिको सामग्री प्रकाशन गरिने र त्यससम्वन्धी सम्झौता भइसकेको छ ।

प्रदेश-१ का विभिन्न जिल्ला तथा भारतको केही स्थानमा प्रत्यक्ष विक्री वितरण हुँदै आएको पूर्वाञ्चल दैनिकले प्रविधिको विकाससँगै उगचधबलअजबमिबर्षथ.अक नामक अनलाइन पोर्टलमार्फत विश्वभरका पाठकमाझ आफ्नो पहुँच कायम गर्न सफल भएको छ । यसमार्फत ताजा अपडेट र रंगिन ई-पेपर मोवाइलबाटै पढ्न पाठकलाई सहज भएको छ । यस वर्ष कोरोना भाइरसका कारण मुलुक नै अप्ठ्यारो अवस्थामा रहँदा पनि पत्रिका प्रकाशनलाई निरन्तरता दिएको पूर्वाञ्चल दैनिकले आमपाठक तथा विज्ञापनदाताको मन जित्न सफल भएको छ । गत वर्ष रजत वर्ष मनाएको पत्रिकाले झापाका क्रियाशील ११३ जना पत्रकारको कोरोना बिमा गरेर पत्रकारको स्वास्थ्य सुरक्षाप्रति आफूलाई जिम्मेवार प्रस्तुत गरेको छ । पत्रिकालाई अझ जिम्मेवार र गुणस्तरीय बनाउनका साथै अनलाइनलाई अझ सशक्त बनाउने उद्धेश्यले आजैबाट गुडमर्निङ पूर्वाञ्चल कार्यक्रम समेत सुरु गरेको छ । जसमा राशीफल सहितका महत्वपूर्ण सामग्री प्रस्तुत हुनेछन् । अनलाइनलाई अझ प्रभावकारी बनाउँदै श्रव्यदृश्य सामग्रीलाई प्राथमिकतामा राखेर अघि बढ्ने प्रधानसम्पादक गिरीले जानकारी दिए । बजारलाई अझ विस्तार र व्यवस्थित गर्ने योजना रहेको व्यवस्थापक चन्द्रकान्त ढकालले बताए ।

प्रतिदिन

वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७१६१६

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधै सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

Rays Design & Print
Creation
{भनेजस्तै डिजाइन}
PH: 023 546 145 | 9816 024 944
Birtamode,Jhapa
E-mail: sendemail2rays@gmail.com
www.raysdesign.com

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
५८१५५५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिष्टिम आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

राशिफल

मेष : आज मित्र वा आफन्तबाट सहयोग मिल्नेछ । भूमिबाटपनि लाभलिन सकिनेछ ।
वृष : वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । नयाँ अवसर आउनाले मन प्रसन्न रहनेछ ।
मिथुन : धार्मिक महत्वको क्षेत्रमा भ्रमण हुनसक्छ । अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ।
कर्कट : आज धर्म,कर्म, परोपकार तथा समाजसेवामा मन लाग्नेछ । नयाँ काम वा रोजगारको अवसर मिल्नेछ।
सिंह : आज आकस्मिक लाभ प्राप्त हुने सम्भावना छ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ ।
कन्या : आज कठोर परिश्रम गर्नुपर्ने समय छ । अनवास्यक र दैनिक व्यवहारमा खर्च बढ्न सक्छ।
तुला : आज कतै घुम्न जाने योजना बन्न सक्छ । बोलीको भरमा कार्य सम्पादन हुनेछ ।
वृश्चिक : दौडधूप गर्नु परेपनि लाभ नै हुनेछ । रमाइलो यात्राको योग रहेको छ
धनु : आँटेको काममा सफलता नमिल्न सक्छ । प्रेमी तथा प्रेमिकाको भाषा परिवर्तनले मनमा दुविधा उत्पन्न हुन सक्नेछ।
मकर : परदेशमा रहेका आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । वैदेशिक कार्य अघी बढ्नेछ ।
कुम्भ : आज विद्या र बुद्धिको विकास हुनेछ । अतिथिको रूपमा सत्कार पाइएला ।
मीन : पुराना मित्रजन सँग भेटघाट हुनेछ ।